# खैरहनी नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षाको प्रतिवेदन २०७९

मिति: २०८०/०७/१९

नेपाल संविधानको धारा २१४ बमोजिम गठित यस खैरहनी नगरपालिकाले संविधानको अनुसूची-८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची-९ मा उल्लेखित साझा अधिकारको साथ साथै स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफामा उल्लेख भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरुको प्रयोग गर्ने गरेको छु, जुनसुकै सरकारी निकाय तथा संयन्त्र जनताप्रति जवाफदेही हुनुको साथै आ-आफ्ना कार्यहरुमा पारदर्शिता अपनाउनु पर्ने हुन्छ । आफुले निश्चित अवधिमा सम्पादन गरेका कार्यहरुको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्नको लागि त्यस्ता निकायहरुले आफ्नो कार्य सम्पन्न भईसकेपछि जनताका प्रतिनिधि, विभिन्न सरोकारवाला निकाय तथा आफ्नो क्षेत्र भित्र संचालित अन्य संचारकर्मीहरु समेतको सहभागितामा समिक्षा गरी त्यसमा भए गरेको कार्यहरुलाई प्रस्ट्याउने, केही कमजोरी भए त्यसको लागि सहभागीहरुबाट प्राप्त सल्लाह, सुझावहरुलाई अगामी दिनमा मार्ग दर्शनको रुपमा लिई सुधार गर्दै जानुपर्ने हुन्छ ।

नगरपालिकाले आफुले गरेका कामहरुको समय-समयमा Website तथा संचारको माध्यमबाट सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक लेखा परिक्षण, सामाजिक लेखा परिक्षणको साथै प्रगति समिक्षा गोष्ठीहरुको आयोजना गरी विगत वर्षमा गरिएका कामहरुको जानकारी र आगामी वर्षमा गर्नुपर्ने सुधारका सम्बन्धमा सरोकारवालाहरु सँग सल्लाह सुझावहरु संकलन गर्नुपर्ने हुन्छ । यसले विगत वर्षहरुमा भएका कमी कमजोरीहरुलाई सुधार गर्दै नगरपालिकालाई एक निश्चित मार्ग निर्देशन गर्न र जनभावना अनुसार चल्न प्रेरित गर्दछ । त्यसै सिलसिलामा यस नगरपालिकाले आ.व. २०७९/०८० मा सम्पादन गरेका विभिन्न क्षेत्रका कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा यहि मिति २०८०/०७/१९ गते आईतबार यसै नगरपालिकाको सभाहलमा सम्पन्न गरेको थियो ।

उक्त वार्षिक समिक्षा गोष्ठीमा विभिन्न कार्यालयका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ खैरहनीका अध्यक्ष, यसै नगरपालिकाका नगर प्रमुख तथा उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सबै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, पत्रकार र विषयगत शाखामा प्रमुखहरुको समेत उपस्थितिमा नगर प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षता संचालित उक्त कार्यक्रममा उपस्थित सबै अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रम माथि प्रकाश पार्ने काम यसै नगरपालिकाका नगर शिक्षा अधिकारी श्री राजु बानियाँले गर्नु भएको थियो भने नगरपालिकाले आ.व. २०७९/०८० मा सम्पन्न गरेका कार्यक्रमहरुमा भौतिक तथा वित्तिय प्रगतिको साथै नगरपालिकाले गरेका उल्लेखनिय कार्यहरुको प्रस्तुती प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्र. सापकोटाले Multi-media मार्फत गर्नु भएको थियो । उक्त कार्यक्रमको संचालन यसै नगरपालिकाका प्रशासकीय अधिकृत श्री दामोदर अधिकारीले गर्नु भएको थियो । जसलाई सहभागीहरुले अध्ययन गरी आफुलाई स्पस्ट नभएका

कुराहरु सोधनी गर्नु भएको थियो । जसमा कार्यक्रम सम्पन्न भएका विभिन्न योजनाहरुको सचित्र प्रस्तुतिकरण समेत गरिएको थियो । उक्त कार्यक्रममा निम्न बमोजिमका सुझावहरु सहभागीहरुबाट प्राप्त भएको थियो ।

उक्त कार्यक्रम माथि उठाउनु भएको समग्र कार्यक्रमको र नगरपालिकाको गतिविधिहरुको बारेमा उठेका जिज्ञासाको कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री शशी कुमार खनियाज्यूले कृषि, नगरका गौरवका योजनाहरु अपाङ्गमैत्री सडक, कालोपत्रे सडक, हाईमाकस लाईट, स्वास्थ्य, फोहोर व्यवस्थापन, प्रधानमन्त्री रोजगार कार्यक्रम, उद्यमसीलता विकास शिक्षा तथा शिक्षक व्यवस्थापन लगायतका कार्यक्रमहरुको बारेमा जवाफ दिनु भएको थियो । खैरहनी नगरपालिकाको बजार क्षेत्रमा पार्किङमा समस्या भएको हुँदा उक्त पार्किङ व्यावास्थापन गरिएको, खैरहनी नगरपालिका भित्र संचालनमा रहेका व्यावसायिहरुसँग छलफल गरी उक्त व्यवस्थापन गरिनुका साथै बजार अनुगमन, व्यवस्था गर्ने तथा नगरपालिकाको बेरुजुको बारेमा समेत जानकारी दिनु भएको थियो । त्यसै गरी उपस्थित अतिथिहरुले व्यक्त गर्नु भएको सल्लाह तथा सुझावका आधारमा आगामी दिनमा नगरपालिकाले कार्यक्रम संचालन गर्ने उपयुक्त सुधारहरु गर्दै जाने उहाँहरुले दिनु भएको सल्लाह सुझावको उचित कदर गर्ने कुरा व्यक्त गर्नु भयो । अन्तमा उपस्थित उद्योग वाणिज्य संघका अध्यक्ष विषयगत कार्यालयका प्रमुखहरु, शाखा प्रमुखहरु, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु उपस्थित हुनु भएका विभिन्न संचारकर्मी मित्रहरु सबैलाई धन्यबाद दिई कार्यक्रम समापन गर्नु भएको थियो । यसरी दिनको ७:३० बजे शुरु गरी १०:४५ बजे चियापान गरी समापन भएको थियो ।